कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत ।

गण्डकी प्रदेश, नेपाल

सिलबन्दी प्रस्ताव माग सम्बन्धी सूचना !

मिति : २०८३/६/२१

उपर्युक्त सम्बन्धमा कुश्मा नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्ने क्रममा पुरानो भवन भत्काउँदा निस्किएका पुराना सालको चिरान काठ र छाउने ढुङ्गा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विधि प्रक्रियाबाट विक्रि गर्नका लागि विभिन्न मितिमा सूचना प्रकाशन गर्दा समेत लिलाम विक्री नभएकाले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८ को उपनियम (९क) बमोजिम सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र लिलाम विक्रि प्रक्रियामा भाग लिन इच्छुक इजाजतप्राप्त व्यक्ति, संस्था, फर्म वा कम्पनीको लागि सिलबन्दी प्रस्ताव आह्वान गरिएको छ ।

१. बिक्रि गर्ने सामानको विवरण :

क्र. सं.	विवरण	परिमाण	बढाबढ शुरु हुने न्यूनतम मूल्य	निवेदन दिने अन्तिम मिति
१.	सालको चिरान काठ	४४३.६ क्यू.फि.	६,४४,२२९.६३	२०८३/६/२७ गते कार्यालय समय भित्र
२.	छाउने ढुङ्गा	१४७.६४ व.मि.	७२,९८८.७३	

२. कुश्मा नगरपालिकाको निर्माणाधिन भवन परिसरमा मिति २०८३/६/२८ गते दिनको ठिक २:०० बजे लिलाम विक्रि गरिनेछ ।

३. विक्रि गरेको मालसामान सकार गरेको मितिले पन्ध्र दिन भित्र उठाई लैजानु पर्नेछ ।

४. विक्री हुने भनी तोकिएको मितिमा सार्वजनिक विदा परेमा उक्त कार्य सोको भोलिपल्ट सोही स्थान र समयमा गरिनेछ।

५. यस सूचनामा उल्लेख गरिएका कुरा बाहेक अन्य कुराहरु प्रचलित कानुन र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व निमावली २०७७ बमोजिम हुनेछ ।

६. विक्रि गरिने मालसामान कुश्मा नगरपालिकाको निर्माणाधिन भवन परिसरमा कार्यालय समयमा हेर्न सकिनेछ।

२०८३/६/२१

किरण पौडेल
प्रमुख प्रशासकीय अधिकृत